# 'दक्षिण एसियामा खाद्य जोखिम चुनौतीपूर्ण'

कारोबार संवाददाता

काठमाडौं, १२ फागुन

दक्षिण एसियामा खाद्य जोखिम चुनौतीपूर्ण बन्दै गएको विज्ञहरूले औंल्याएका छन् । समयानुकूल प्रविधिको प्रयोग हुन नसक्नु, खाद्य व्यवहार परिवर्तन नहुनु, क्षेत्रीय-अन्तरक्षेत्रीय व्यापारमा रहेका संकुचन तथा जलवायु परिवर्तनलाई खाद्य चुनौती बढ्नुको मुख्य समस्याका रूपमा उठाइएको छ ।

साउथ एसियन वाच अन ट्रेड इकोनोमिक्स एन्ड इन्भाइरोमेन्ट (सावती)ले आयोजना गरेको सम्मेलनकामा विज्ञहरूले यस्तो औंल्याएका हुन् । कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य सुबोधनारायण झाले क्षेत्रीय तहमा गरिएका प्रतिबद्धताहरू कार्यान्वयनमा समस्या आएको बताए ।

क्षेत्रीय तहमा भएका छलफलमा प्राप्त मूर्त विचारहरू कार्यान्वयनमा आएको समस्यातर्फ लक्षित गर्दै उनले यस क्षेत्रको खाद्य व्यवहार परिवर्तन गर्नका साथै खाद्य सम्प्रभुताको ग्यारेन्टी गर्नुपर्नेमा जोड दिए ।

सावतीका कार्यकारी अध्यक्ष डा. पोषराज पाण्डेले दीर्घकालीन दृष्टिकोणबाट हेर्दा खाद्य असुरक्षाको जोखिम अन्त्य गर्न कार्यान्वयन प्रभावकारी हुनुपर्ने धारणा राखे ।

खाद्य असुरक्षा कम गर्न खास साधनहरू अपनाउनुपर्ने उनको भनाइ छ । क्षेत्रीय व्यापार सम्झौता तथा व्यापारसम्बन्धी छलफल जलवायु परिवर्तनको असर तथा कृषकहरूको जनजिविकामा केन्द्रित हुनुपर्नेमा पाण्डेले जोड दिए ।

सावतीका महासचिव रत्नाकर अधिकारीले मौसमी र गैरमौसमी कारणहरूले उत्पादनकर्ता र निर्यातकर्ता मुलुकहरूमा खाद्यान्नको बजार मूल्य अस्थिर भएको बताए ।

प्रविधि हस्तान्तरणलगायतका मापदण्डहरूको प्रयोगबाट निर्यात पक्षमा संकुचनलाई कम गर्न सकिने अधिकारीको धारणा छ । सार्क क्षेत्रको क्षेत्रीय एकताले खाद्य सुरक्षा ग्यारेन्टी हुने भन्दै उनले नेपालको दुर्गमता नै कृषिको व्यावसायीकरणमा अवरोध रहेको बताए ।

सार्क विकास मञ्चको सचिवालयका कृषि तथा ग्रामीण विकास निर्देशक रेज हमिदुल्लाहले लक्षित वर्गसम्म लाभ पुर्‍याउन नीतिगत हस्तक्षेप आवश्यक हुने तर्क गरे । सार्क क्षेत्रले १ अर्ब ३० करोड अमेरिकी डलर कृषि क्षेत्रको विकास र खाद्य सुरक्षाका लागि खर्च गर्न लागिएको उनले बताए ।

हमिदुल्लाहले खास क्षेत्रहरूमा लगानी अत्यावश्यक रहेको भन्दै सीमा पार समस्या, प्राकृतिक स्रोत व्यवस्थापन, कृषिको यान्त्रीकरण जस्ता कुरामा जोड दिनुपर्ने धारणा राखे । "खाद्यान्नमात्र नभएर सागपात तथा हरियो तरकारी उत्पादन पनि वृद्धि गर्नुपर्छ," उनले भने ।

सस्टेनेबल डेभलपमेन्ट पोलिसी इन्स्टिच्युटका (एसडीपीआई) कार्यकारी निर्देशक डा. अबिद कायुम सुलेरीले दक्षिण एसियाली देशहरूले वित्तीय, इन्धन, कार्यात्मक प्रणाली, सीमालगायतका क्षेत्रमा समस्या रहेको औंल्याए ।

विज्ञहरूले आगामी मार्चमा ढाकामा हुने मन्त्रीस्तरीय सम्मेलनमा खाद्य असुरक्षासम्बन्धी मुद्दालाई विशेष प्राथमिकताका साथ उठाउनुपर्ने निष्कर्ष निकालेका छन् ।